औरही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

प्रदेश नं. २

## करारमा पदपुर्ती गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७७/०६/०८

नेपाल सरकारद्धारा श्रम, रोजगार तथा समाजिम सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अर्न्तगत यस औरही नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक करारमा पदपुर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | प्राविधिक सहायक | पाचौं | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :

- सिभिल इन्जिनियरिङ्ग प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा उत्तीर्ण भएको,
- अनुभवन र सीपः प्राविधिक सहायकमा देहायमा अनुभव र सीप अवश्यक पर्नेछ :-
  - कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको,
  - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सीप सहित कम्तीमा छ महिनाको अनुभव भएको ।
- उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान :- नगरकार्यपालिकाको कार्यालय औरही महोत्तरी ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७७/०६/२२ गते सम्म, सो दिन सार्वजनिक विदा पर्न गएमा भोलि पल्ट कार्यालय खुल्ने समय भित्र ।

४. आवेदनको दस्तुर :- रु. ५००।-

५. सेवा सुविधा :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२), र (१३) बमोजिम हुनेछ ।

६. छनौटको किसिम : - प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

७. आवश्यक कागजात :- आवेदक स्वंयले प्रमाणित गरेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात र दुई प्रति पासपोर्ट आकारको फोटो ।

नोटः आवेदनको ढाँचा, विज्ञापन गरिएको पदको कार्य विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा उपलब्ध छ। थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

........................

चुडाराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत